# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल बैशाख महिना २१ गते शुक्रबार)

यस विकास बैंक लि.को शाखा कार्यालय पार्वतिपुरबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

## तपशिल

### ऋणीको विवरण

नाम : **न्यु श्रीराम बिज बृद्धि मल्टिप्रर्पोज कम्पनी प्रा.लि.**
अख्तियार प्राप्त व्यक्ति : ईन्द्रलाल श्रेष्ठ
दर्ता नं. : ११७१४८ /०७०/०७१
दर्ता मिति : २०७०/०७/१५
स्थायी लेखा नं. : ६०१५६३३९९
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१. नाम : **ईन्द्रलाल श्रेष्ठ**
बाबुको नाम : सुरेन्द्र बहादुर श्रेष्ठ
बाजेको नाम : राम बहादुर श्रेष्ठ
स्थायी ठेगाना : चितवन जिल्ला पार्वतिपुर गा.वि.स. वडा नं. ४
हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१
ना.प्र.नं. : ३५२५९/०४४/४५
जारी मिति र जिल्ला : २०५४/०५/२३, चितवन

२. नाम : **संगीता श्रेष्ठ**
बाबुको नाम : लाल बहादुर श्रेष्ठ
पतिको नाम : ईन्द्रलाल श्रेष्ठ
ससुराको नाम : सुरेन्द्र बहादुर श्रेष्ठ
स्थायी ठेगाना : चितवन जिल्ला पार्वतिपुर गा.वि.स. वडा नं. ४
हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१
ना.प्र.नं. : ८३६०/०५९
जारी मिति र जिल्ला : २०५९/११/१६ चितवन

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१. मिति २०८०/०६/०३ को अन्नपूर्ण दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२. मिति २०८०/११/१६ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| न्यु श्रीराम बिजबृद्धि मल्टिप्रपोज कम्पनि | चितवन जिल्ला भरतपुर म.न.पा वडा नं.१ | १क | १२२२ | १११७.५१ | कुलो | कि.नं. १३६५, १३६४ र १३६६ | कि.नं. ७०१ | कि.नं. १२२३ |
| | | | १२२३ | १११७.५१ | कुलो | कि.नं. १३६६ र ३३३ | कि.नं. १२२२ | कि.नं. १२२४ |
| | | | १२२४ | १११७.५१ | कुलो | कि.नं. ३३३ | कि.नं. १२२३ | कि.नं.१८५९ |
| | | | १२२५ | ६७७.२८ | बाटो | कुलो | कि.नं. ७०३ | कि.नं. १२२६ |
| | | | १२२६ | ६९४.२१ | बाटो | कुलो | कि.नं. १२२५ | कि.नं. १२२७ |
| | | | १२२७ | ६७७.२८ | बाटो | कुलो | कि.नं. १२२६ | कि.नं. ११७० |
| | | | ७०० | ८९३.१६ | कुलो | कि.नं. १३६४ र ४२१ | कि.नं. २७९ | कि.नं. ७०१ |
| | | | ७०१ | ८९३.१६ | कुलो | कि.नं. १३६४ | कि.नं. ७०० | कि.नं. १२२१ |
| | | | ७०२ | ७४५.०१ | बाटो | कुलो | कि.नं. २८२ | कि.नं. ७०३ |
| | | | ७०३ | ७४५.०१ | बाटो | कुलो | कि.नं. ७०२ | कि.नं. १२२५ |

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८१/०२/०४ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय पार्वतिपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मिति २०८१/०२/०६ गते आइतबार दिउसो १:०० बजे यस बैकको शाखा कार्यालय पार्वतिपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

---

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**Central Office:** Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ